# नारायणी डेभलपमेण्ट बैंक लिमिटेड

## शाखा कार्यालय पर्सा चितवनका

## तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/०२/०८ गते मंगलबार, आर्थिक अभियान राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०८/११ गते सोमबारको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले पुनः कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैकको शाखाकार्यालय, भरतपुर वा बैकको केन्द्रिय कार्यालय रत्ननगर -०१, टाँडि चितवनमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८१/०२/२३ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको केन्द्रिय कार्यालय, रत्ननगर -०१, टाँडि चितवनमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्तबोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवाब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानुनबमोजिम बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्तजायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै ऋणिले कर्जा चुक्ता फछ्र्यौट गरेमा बैंकद्धारा कुनै पनि बखत लिलामिको प्रकिया समाप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरणः-**

**१. ऋणी :** चितवन जिल्ला, भरतपुर न.पा. वडा न. १० बस्ने, निर बहादुर भण्डारीको छोरी चिरञ्जीवी थापाको पत्नि बर्ष ५४ को **अम्बिका थापा** (ना.प्र.नं. १४५०८/०५७, जारि मिति २०५७/०२/१० जि.प्र.का. चितवन)

**२. व्यक्तिगत जमानतकर्ताः** चितवन जिल्ला, भरतपुर न.पा.वडा नं. १० चितबन बस्ने रत्नवीर थापाको नाति कर्ण बहादुर थापाको छोरा बर्ष ५४ को **चिरञ्जीवी थापा** (ना.प्र.नं. ५०८२५ जारी मिति २०४५/०२/०२ जि.प्र.का. चितवन)

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरणः**

अम्बिका थापाको नाममा मालपोत कार्यालय चनौली चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला जगतपुर गा.वि.स वडा नं. २ (हाल भरतपुर म.न.पा. २३, चितवन) स्थित, कित्ता नं. २६५३ को क्षे.फ. १६९.३१ वर्ग मिटर भएको घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय रत्ननगर, चितवन स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय भरतपुर, चितवन बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, रत्ननगर, चितवन स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय भरतपुर, चितवनमा सम्पर्क राख्न सकिनेछ।

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
Ratnanagar-1, Chitwan, Nepal
Tel.: +977-56-561258/560608
Fax: +977-56-561670
www.ndbl.com.np, info@ndbl.com.np